# स्थानीय राजपत्र

## कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय


खण्ड : ४,   संख्या : १३                    मिति : २०७८ चैत्र २० गते आइतवार


**भाग - २**

**कावासोती नगरपालिका**

नेपालको संविधान बमोजिम कावसोती नगरकार्यपालिकाकाले बनाएको तल उल्लेखित बमोजिमको “प्राविधिक विद्यालयहरुमा छात्रवृत्ति तथा अन्य पक्षको व्यवस्थापनका लागि अनुदान कार्यविधि - २०७८” सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

नगर कार्यपालिकाबाट पारित मिति : २०७८/१२/२०

कावासोती नगरपालिका

# प्राविधिक विद्यालयहरुमा छात्रवृत्ति तथा अन्य पक्षको व्यवस्थापनका लागि अनुदान कार्यविधि–२०७८

**प्रस्तावनाः**

व्यवहारिक, जीवनोपयोगी एवं व्यवसायिक शिक्षा प्रदान गरी रोजगार प्रवर्द्धन गर्ने प्राविधिक तथा व्यवसायिक कार्यक्रम सञ्चालन भैरहेका र अब हुने विद्यालयहरुमा प्रयोगशाला एवं आवश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्थापन तथा न्यून आर्थिक अवस्थाका नागरिकको सहज पहुँच हुनेगरी अवसरको सृजना गर्दै शैक्षिक गुणस्तरलाई अभिवृद्धि गरी प्रतिष्पर्धी जनशक्ति तयार गर्ने बाञ्छनीय भएकोले, कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४(२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम **"प्राविधिक विद्यालयहरुमा छात्रवृत्ति तथा अन्य पक्षको व्यवस्थापनका लागि अनुदान कार्यविधि–२०७८ "** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"व्यवस्थापन समिति"** भन्नाले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

कावासोती नगरपालिका

(ख) **“सामुदायिक विद्यालय”** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति प्राप्त वा स्वीकृत विद्यालयहरुलाई सम्झनु पर्छ ।

(ग) **“प्राविधिक विद्यालय”** भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन गरेका विद्यालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तलिम परिषदबाट अनुमति लिई Technical Secondary Education Examination (TSEE) र डिप्लोमा तहको कक्षा सञ्चालन गरेका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

(घ) **“प्रयोगशाला वा ल्याब”** भन्नाले प्राविधिक विद्यालयको कुनै खास विषयवस्तुको प्रयोगात्मक क्रियाकलापद्धारा शिक्षण सिकाई गरिने नियन्त्रित स्थान वा कोठालाई सम्झनु पर्छ ।

(ङ) **“स्थानीय तह”** भन्नाले कावासोती नगरपालिकालाई सम्झनु पर्छ ।

(च) **“शिक्षा शाखा”** भन्नाले कावासोती नगरपालिकाको शिक्षा शाखा सम्झनु पर्छ ।

**३. उद्देश्य :-** यस कार्यविधिको उद्देश्य नयिमानुसार अनुमति तथा स्वीकृति लिई प्राविधिक धार सञ्चालन गरेका विद्यालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट अनुमति लिई Technical Secondary Education Examination (TSEE) र डिप्लोमा तहको कक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरुमा भौतिक संरचना, प्रयोगशाला एवं आवश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्थापन एवम् न्यून वर्गका नागरिकको सहज पहुँच हुनेगरी छात्रवृत्तिको व्यवस्थापन गर्न थप सहयोग गरी प्राविधिक शिक्षाको पहुँच र गुणस्तरमा सुधार गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु रहेकोछ ।

कावासोती नगरपालिका

## ४. अनुदान सम्बन्धी व्यवस्था :-

### (क) अनुदानको किसिम:-

- प्रयोगशाला व्यवस्थापन
- शैक्षिक उपकरण व्यवस्थापन
- जनशक्ति (प्रशिक्षक) व्यवस्थापन
- छात्रवृत्ति व्यवस्थापन
- एकमुष्ठ अनुदान ( माथि उल्लेखित बाहेकका अन्य शिर्षकका लागि )

### (ख) अनुदान उपलब्ध गराउने विधि :-

१) यस नगरपालिकाको प्रमुख आर्थिक आयाम कृषि, पर्यटन, उद्योग, वन, प्रविधि र पूर्वाधार विकासमा टेवा पुग्ने गरी नगरपालिकाले तय गरेको प्राविधिक धार सञ्चालन गर्ने विद्यालय छनौट गर्ने विधिका आधारमा छनौट भई सञ्चालन गरेका विद्यालयको हकमा विद्यालयको आवश्यकता अनुसार प्रयोगशाला शैक्षिक उपकरण र एकमुष्ठ अनुदान मध्येको कुनै शिर्षक तोकी न्यूनतम रुपमा देहाय अनुसार अनुदान उपलब्ध गराईनेछ ।

| विषय क्षेत्र | अनुदान रकम प्रतिवर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्र वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| कृषि ( वाली र पशु विज्ञान ) | २० लाख | १३ लाख | ७ लाख | ३ लाख | २ लाख | ३५ लाख |
| वन विज्ञान | १० लाख | ६ लाख | ४ लाख | ३ लाख | २ लाख | २५ लाख |
| पर्यटन ( यो विषय समुहका विषय ) | १० लाख | ६ लाख | ४ लाख | ३ लाख | २ लाख | २५ लाख |

कावासोती नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इन्जिनियरिङ ( सिभिल र अटोमोवाइल ) | २० लाख | १२ लाख | ८ लाख | ६ लाख | ४ लाख | ५० लाख |
| इन्जिनियरिङ ( ईलेक्ट्रिकल र कम्प्यूटर ) | १२ लाख | १० लाख | ६ लाख | ४ लाख | ३ लाख | ३५ लाख |

२) नगरपालिकाले तय गरेको प्राविधिक धार सञ्चालन गर्ने विद्यालय छनौट विधि भन्दा फरक ढंगबाट अनुमती लिई सञ्चालनमा रहेका विद्यालयको हकमा प्रयोगशाला, शैक्षिक उपकरण र एकमुष्ठ अनुदान शिर्षकमा विद्यालयको माग प्रस्तावको आधारमा नगरपालिकाले अनुदान दिन सक्नेछ।

३) जनशक्ति व्यवस्थापन अनुदान :-

(क) प्रत्येक प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई मा.वि. तृतीय श्रेणी सरहका दुई जना प्रशिक्षकलाई तेह्र महिना बरावरको तलब भत्ता रकम विद्यालयलाई उपलब्ध गराउन सकिनेछ। उक्त रकम मध्ये ७५ प्रतिशत रकम बरावरको छात्रवृत्ति राशी कायम गरी नगरपालिकाबाट तय भएको छात्रवृत्ति वितरण मापदण्डका आधारमा विद्यार्थी छनौट गरी सम्बन्धित विद्यालयमा छात्रवृत्तिमा पढाउने कार्य हुने गरी प्रशिक्षक र छात्रवृत्तीलाई एकैसाथ व्यवस्थापन गराउन सकिनेछ।

(ख) न्यून वर्गिय परिवारको पहुँच प्राविधिक शिक्षा अध्ययनमा पुग्न सहयोग गर्ने हेतुले नगरपालिकाको प्रत्येक वडाबाट कम्तिमा एक जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति र वडाको आर्थिक सामर्थ समेतको आधारमा थप जनालाई आंशिक छात्रवृत्ति प्रदान गर्ने व्यवस्था समेत गरिनेछ। यो छात्रवृत्ति नगरपालिका भित्रको प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई मात्र उपलब्ध गराइनेछ।

(ग) प्रतिकक्षा तोकिएको पूर्ण विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी भर्ना गराई कक्षा सञ्चालन गरेका विद्यालयहरुलाई प्राविधिक धारमा अध्यापन गर्ने प्रशिक्षकको पिरिएड

करार गर्ने विधिबाट पारिश्रमिक व्यवस्थापन गर्न सकिने गरी जनशक्ति व्यवस्थापन अनुदान उपलब्ध गराउन सकिनेछ ।

(घ) क र ग को व्यवस्था अनुसार अनुदान प्राप्त गर्ने विद्यालयमा अनुदानबाट खर्च हुने गरी व्यवस्था गरिने प्रशिक्षक छनौट गर्दा नगरपालिकाले तोकेको कार्यविधिका आधारमा गर्नुपर्नेछ ।

(घ) नगरपालिका र वडाबाट पूर्ण छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले ६ महिना र आँशिक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले ३ महिना नगरपालिकाले तोकेको स्थानमा नागरिकको सेवामा काम गर्नु पर्नेछ । यसरी तोकिएको समयमा तोकिएको स्थानमा गई नागरिकको सेवामा खट्ने छात्रवृत्ति प्राप्त विद्यार्थीलाई खाजा खर्च वापत तोकिए अनुसारको निर्वाह खर्च उपलब्ध गराईनेछ ।

आज्ञाले  
राकेश गुरुङ्ग  
प्रमुख प्रशासकीय अधिकृत

कावासोती नगरपालिका